# सत्यताको खुलासा

परमेश्वरको बचनको सत्यता स्पष्ट पार्न सहायता गर्ने

१६ वटा महत्वपूर्ण बाइबल अध्ययनहरू

पावल आदम्स् र जन फिलिप्स्

Paul Adams and John Philips

© Paul Adams and John Phillips 2017, 2022

Second Edition

First Edition Published in 2015 by

BeaconLight Trust
PO Box 91
Banstead
Surrey
SM7 9BA
United Kingdom
Email: books@beaconlight.co.uk
Website: www.beaconlight.co.uk

ISBN 978-1-906526-47-4

Design by Ben Desmond

Paul Adams and John Phillips have asserted their right under the Copyright, Designs and Patents Act 1988, to be identified as authors of this work.

Some rights reserved. The copyright holders give free licence for this publication to be reproduced or transmitted, in any form or by any means, or stored in any retrieval system of any nature, without prior written permission provided that such use is for non-commercial purposes. Full acknowledgement of authors, publisher and source must be given.

You shall not without the copyright holders' prior written consent modify or otherwise alter this publication.

Your rights for permitted fair dealing under the Copyright, Designs and Patents Act 1988 are in no way affected by the above.

British Library Cataloguing in Publication Data

A catalogue record for this book is available from the British Library.

Acknowledgements

Material is contained in this publication for which publishing permission has been sought, and for which copyright is acknowledged. Permission to reproduce such material cannot be granted by the publishers and application must be made to the copyright holders.

Adapted from 'Truth Direct' by Paul Adams and Rick Creighton (published in 2007 by BeaconLight but titled 'Life Direct' in the first edition), which was adapted from 'Directions: Fifteen Bible Study Outlines on Basic Christianity' by Norman Warren (published in 1969 by Kingsway). Used with permission.

nep-24v3

# बिषय सूची


## परिचय 5

## भाग १ - ख्रीष्टियन विश्वास

१ परमेश्वर पिता 9

२ येशू ख्रीष्ट, परमेश्वरका पुत्र 13

३ पवित्र आत्मा 17

४ सृष्टि 21

५ पाप 25

६ परमेश्वरको योजना: १. क्रूस 29

७ परमेश्वरको योजना: २. पुनरुत्थान र स्वर्गारोहण 33

८ परमेश्वरको समाधानप्रति हाम्रो प्रतिक्रिया 37

## बाइबल बुझ्ने, परमेश्वरलाई चिन्ने 41

## भाग २ - ख्रीष्टियन जीवन

९ ख्रीष्टियन निश्चयता 47

१० ख्रीष्टियन जीवनमा चुकाउनुपर्ने मूल्य 51

११ बाइबल 55

१२ प्रार्थना 59

१३ मण्डली 63

१४ आराधना र सेवा 67

१५ शैतान 71

१६ येशूको दस्रो आगमन 75

# परिचय

## "सत्यताको खुलासा" पुस्तक कसको लागि हो?

यो सत्यताको खुलासा पुस्तक विशेषगरी येशूमाथि विश्वास गर्नेहरू र बाइबल अनुसार जीवन जिउन इच्छा गर्ने ख्रीष्टियनहरूको लागि लेखिएको हो।

यो पुस्तक, परमेश्वरले बाइबलमा प्रकट गर्नुभएका सत्यताहरू नयाँ ख्रीष्टियनहरूलाई बुझ्नलाई सहायता गर्न बढी फाइदाजनक हुनेछ। बाइबलमा उल्लेखित सत्यता नबुझेसम्म हामीले भक्तिपुर्ण जीवन जिउन सक्दैनौं र हाम्रो जीवनको जगको रूपमा यसलाई उपयोग पनि गर्न सक्दैनौं।

यो पुस्तकले पुराना बिश्वासीहरूलाई ताजा गराउनेछ र आफ्ना विश्वासका आधारभुत कुराहरू दोहोऱ्याउने मौका दिनेछ। उनीहरूले जे सिक्छन् ती कुराहरूबाट आश्चर्यचकित हुनेछन्!

यदि तपाईं ख्रीष्टियन हुनुहुन्न वा ख्रीष्टियन भनेको के हो तपाईंले त्यो पनि बुझ्नुभएको छैन भने, तपाईंले यो पुस्तक अध्ययन गर्दा तपाईंका धेरैजसो प्रश्नहरूका उत्तरहरू पाउनुहुनेछ। तर विशेषगरी पृष्ठ ४१-४४ले तपाईंलाई बढी सहायता दिनेछ।

## 'सत्यताको खुलासा' कसरी उपयोग गर्ने?

तपाईंले विभिन्न तरिकाले सत्यताको खुलासा उपयोग गर्न सक्नुहुन्छ। तपाईंले एक्लै अध्ययन गर्न चहानुहुन्छ भने हरेक अध्ययनको लागि लगभग: १ घण्टा जति समय दिनुहोस्। तपाईंलाई अप्ठ्यारो लागेको वा नबुझेको कुरा स्पष्ट पार्न र तपाईंलाई शंका लागेका उत्तरहरू जाँच्नको लागि एकजना शिक्षक खोज्नु पनि उपयोगी हुन्छ।

यसलाई २ वा ३ जना मिलेर समूहमा अध्ययन गर्न पनि सकिन्छ। तपाईंहरूले सँगसँगै प्रश्न-उत्तर गर्न सक्नुहुन्छ अथवा आफ्नै एक्लै एक्लै सबै प्रश्नका उत्तरहरू लेखिसक्नुभएपछि सँगै भेटेर आफ्ना उत्तरहरू तुलना गर्न सक्नुहुन्छ। यसरी पाठ गर्दा कुनै अप्ठ्यारा कुराहरू छन् भने छलफल गर्नुहोस् र 'विचार गर्नुपर्ने कुराहरू' को भागलाई  सँगसँगै ध्यान दिएर विचार गर्नुहोस्।

अझ अर्को तरिका पनि छ। एक जना अगुवाले यसलाई २ भागमा बाँड्नु हुन्छ। हरेक भाग ८ हप्ताको अवाधिको हुन्छ। पहिलो भागमा १ – ८ अध्ययन गरिन्छ र दोस्रो भागमा ९ - १६। यो तरिकाले पढ्दा समूहका सदस्यहरूले भेट्नुभन्दा पहिले एक्लै बसेर सम्बन्धित पाठ अध्ययन गर्नुहुन्छ। (यसको लागि लगभग एक घण्टा जति लाग्ला)। त्यसपछि साप्ताहिक भेला गराउनु होस्। साप्ताहिक भेलाको ढाँचा यस्तो हुन सक्छ:

| | |
|---|---|
| प्रश्नका उत्तरहरू दोहोऱ्याउने: | - ३५ मिनेट |
| प्रमुख सत्यताहरूमा छलफल गर्ने: | - १५ मिनेट |
| 'विचार गर्ने कुराहरू' मा ध्यान दिएर विचार गर्ने: | - २० मिनेट |

जुन तरिका तपाईंले छान्नुभए पनि अध्ययन गर्दा दुइटा महत्त्वपूर्ण दिशानिर्देश तपाईंले पछ्याउनु पर्छ। पहिला प्रार्थना गर्नुहोस् ! प्रार्थना गर्दा अध्ययन गर्ने बाइबलका पदहरूमा परमेश्वरले के भन्नुहुन्छ भनेर बुझ्नलाई परमेश्वरबाट सहायता माग्नुहोस् । अध्ययन गरिसकेपछि हामीले सिकेका कुराहरू हाम्रो जीवनमा कसरी लगाउने, सो परमेश्वरले हामीलाई देखाऊन् र त्योअनुसार गर्नलाई सहायता गरून् भनेर प्रार्थना गर्नुहोस्।

दोस्रो, हरेक प्रश्नलाई विचार गर्दा पहिला आफ्नो उत्तर विचार गर्नुहोस् र त्यसपछि मात्र बाइबलको पद हेर्नुहोस्।

## टिप्पणीः

बाइबल सन्दर्भहरू यसरी लेखिएका छन्:

उदाहरण, यूहन्ना ३:१६    यो सन्दर्भ: यूहन्नाले लेखेको सुसमाचार, अध्याय ३, पद १६।

पदको पछाडि 'क' वा 'ख' छ भने 'क' ले पदको अगाडिको भाग जनाउँछ र 'ख'ले पदको पछाडिको भाग जनाउँछ।

# भाग एक

# ख्रीष्टियन विश्वास

पाठ १ – ८

# पाठ १ परमेश्वर पिता

1


परमेश्वर कस्तो हुनुहुन्छ भन्ने विषयमा मानिसहरूका अनौठा धारणाहरू हुन्छन् । उहाँ साँच्चै कस्तो हुनुहुन्छ भनी बुझ्नलाई बाइबलले के भन्छ सो हेर्नु आवश्यक छ, किनभने हाम्रो लागि परमेश्वरले आफैलाई बाइबलमा प्रकट गर्नुभएको छ वा बुझाउनुभएको छ।

| परमेश्वर को हुनुहुन्छ? |
| --- |
| कलस्सी १:३ |

| परमेश्वर हुनुहुन्छ भन्ने प्रमाण के छ? |
| --- |
| भजनसंग्रह १९:१ |
| भजनसंग्रह १३९:१३-१४ |
| यूहन्ना २०:३०-३१ |
| हिब्रू १:१-३ |

| परमेश्वर कस्तो हुनुहुन्छ? |
| --- |
| यशैया ६:३ |
| भजनसंग्रह ९०:२,४ |
| भजनसंग्रह १३९:७-१० |
| यूहन्ना १४:७-९ |
| याकूब १:१७ |
| १ यूहन्ना ४:८ |

| परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भनी हामी कसरी थाहा पाउँछौं? |
| --- |
| रोमी ५:८ |
| १यूहन्ना ४:९-१० |



## प्रमुख सत्यताहरू

- **ईश्वर छैन भनी विचार गर्नु मूर्खता हो ।**
  मूर्खले आफ्नो मनमा भन्छ, "ईश्वर छँदैछैन।"
  भजनसंग्रह १४:१क

- **परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ र हामीले त्यस प्रेमलाई स्वीकार गरेको चाहनुहुन्छ ।**
  हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि।
  १ यूहन्ना ३:१क

## विचार गर्नका लागि

- वास्तवमा परमेश्वर हुनुहुन्छ भनी कुनै मित्रलाई तपाईं कसरी बुझाउने प्रयास गर्नुहुन्छ?
- 'परमेश्वर कस्तो हुनुहुन्छ?' भनेर कसैले प्रश्न गर्छ भने तपाईंले त्यसको उत्तर दिंदा कुन कुन मुख्य विशेषताहरू उल्लेख गर्नुहुन्छ?

## नोट टिप्नुहोस्:

# पाठ २ येशू ख्रीष्ट, परमेश्वरका पुत्र

2

प्रचलित धारणाका विपरित, येशू बेथलेहेममा मरियमबाट जन्मनुहुँदा अस्तित्वमा आउनु भएको होइन, तर उहाँ त आदिदेखि नै हुनुहुन्छ ।

### येशू संसारमा आउनभन्दा अगाडि उहाँको विषयमा हामीलाई के थाहा छ?

यूहन्ना १:१-३ (यहाँ 'वचन' भनेर येशूलाई जनाइएको हो ।)

कलस्सी १:१५-१७

### उहाँको नाम येशू किन राखियो?

मत्ती १:२१

### येशू साँच्चै नै मानिस हुनुहुन्छ भनी हामी कसरी थाहा पाउँछौं?

लूका २:७,४०


लूका ४:२

| येशू साँच्चै नै मानिस हुनुहुन्छ भनी हामी कसरी थाहा पाउँछौं? |
| --- |
| मत्ती ८:२३-२४ |
| यूहन्ना १९:३२-३३ |

| येशू साँच्चै परमेश्वर हुनुहुन्छ भनी हामी कसरी थाहा पाउँछौं? |
| --- |
| यूहन्ना १:१ |
| मर्कूस २:५-१२ |
| मर्कूस ४:३७-४१ |
| यूहन्ना ११:२५, ४३-४४ |

| येशू साँच्चै परमेश्वर हुनुहुन्छ भनी हामी कसरी थाहा पाउँछौं? |
| --- |
| यूहन्ना १४:८-९ |

| के येशू परीक्षामा पर्नुभयो? के उहाँले पाप गर्नुभयो? |
| --- |
| हिब्रू ४:१५ |



## प्रमुख सत्यताहरू

- येशू परमेश्वर हुनुहुन्छ (परमेश्वरका पुत्र) अनि उहाँ आदिदेखि नै हुनुहुन्छ ।
  आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो।
  यूहन्ना १:१

- येशू मानिस भएर जिउनुभएकोले हामीले सहनुपर्ने परीक्षा र समस्याहरू उहाँले बुझ्नुहुन्छ ।
  किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो।
  हिब्रू ४:१५

## विचार गर्नको लागि

- येशू असल शिक्षक मात्र नभएर त्यो भन्दा धेरै बढी हुनुहुन्छ भनी आफ्ना मित्रहरूलाई कसरी बुझाउने प्रयास गर्नुहुन्छ?
- ‘येशू कस्तो हुनुहुन्छ?’ यस प्रश्नको तपाईंले कसरी उत्तर दिनुहुन्छ?

## नोट टिप्नुहोस्:

# पाठ ३ पवित्र आत्मा

3

प्रचलित धारणा विपरीत पवित्र आत्मा 'शक्ति' नभएर एकजना व्यक्ति हुनुहुन्छ। उहाँ पिता परमेश्वर र पुत्र परमेश्वर (येशू ख्रीष्ट) सँगै त्रिएक परमेश्वरको तेस्रो व्यक्ति हुनुहुन्छ । बाइबलमा पवित्र आत्मालाई येशूको आत्मा (अनि ख्रीष्टको आत्मा र परमेश्वरका पुत्रको आत्मा) पनि भनिएको छ।

| पवित्र आत्मा व्यक्ति हुनुहुन्छ भनी हामी कसरी थाहा पाउँछौं? |
| --- |
| रोमी ८:२६-२७ |
| एफिसी ४:३० |

| पवित्र आत्मालाई कुन कुन तरल पदार्थको रूपमा व्यक्त गरिएका छन्? |
| --- |
| यूहन्ना ७:३७-३९, प्रेरित २:२-३ |

| परमेश्वरले आफ्नो आत्मा कसलाई दिनुहुन्छ? |
| --- |
| रोमी ८:९ |

| पवित्र आत्माका केही भूमिकाहरू केके हुन्? |
|---|
| यूहन्ना १६:७-९ (सल्लाहकार) |
| यूहन्ना १४:२५-२६ |
| रोमी ८:२६ |

| पवित्र आत्माको अन्तिम उद्देश्य के हो? |
|---|
| यूहन्ना १६:१४ |

| हामीलाई ख्रीष्टियन जीवन जिउन पवित्र आत्माले कसरी सहायता गर्नुहुन्छ? |
|---|
| प्रेरित १:८ |
| गलाती ५:२२-२५ |

१कोरिन्थी २:१०-१५

हामीले पवित्र आत्माद्वारा परमेश्वरबाट वरदानहरू पाउँछौं।

- ती वरदानहरू के के हुन्?
१ कोरिन्थी १२:८-१०

- कसको लाभको लागि दिइएका हुन्?
१कोरिन्थी १२:७,११

## प्रमुख सत्यताहरू

- पवित्र आत्मा व्यक्ति हुनुहुन्छ, र ईश्वरत्वको तेस्रो व्यक्ति हुनुहुन्छ ।
  यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ।
  मत्ती २८:१९

- उनीहरू परमेश्वरका मानिसहरू हुन् भनी देखाउनका लागि सबै विश्वासीले पवित्र आत्मा पाएका छन् ।
  हामीलाई अभिषेक गर्नुहने परमेश्वर नै हुनुहुन्छ। उहाँले हामीमाथि आफ्नो छाप लाउनुभएको छ, र हाम्रा हृदयमा बैनाको रूपमा पवित्र आत्मा दिनुभएको छ।
  २कोरिन्थी १:२१ख-२२

## विचार गर्नको लागि

- तपाईंको विचारमा परमेश्वरले तपाईंलाई के वरदानहरू दिनुभएको छ?के तपाईंले ती वरदानहरू मण्डलीको भलाईको लागि चलाउँदैहुनुहुन्छ?
(आफ्ना वरदान पत्ता लगाउन सहयोग चाहिएमा, तपाईं आफ्नो मण्डलीका अगुवा अथवा कोही विश्वासी साथीसँग कुरा गर्न सक्नुहुन्छ )

- के तपाईंको जीवनमा पवित्र आत्माको फलहरू मध्येबाट ‘कुनै फल’ (गलाती ५:२२-२३ हेर्नुहोस्) नफलेको छ?

## नोटहरू टिप्नुहोस्:

# पाठ ४ सृष्टि

4

परमेश्वरको अस्तित्वमाथि शंका राख्ने व्यक्तिसँगको कुनै पनि वार्तालापमा प्राय सृष्टिको कुरा उठ्छ । यो अध्ययनमा सृष्टिसगँ सम्बन्धित सबै तर्कहरूलाई समावेश गर्न त सकिंदैन, तर यसमा हामी सृष्टिको बाइबलीय विवरणलाई हेर्नेछौं ।

## सृष्टिमा को संलग्न हुनुहुन्थ्यो?

उत्पत्ति १:१, यशैया ४५:१२

यूहन्ना १:१-३, कलस्सी १:१६-१७

उत्पत्ति १:२ख, भजन १०४:३०

## केको सृष्टि भयो?

उत्पत्ति १:१-२:३ परमेश्वरले सृष्टि गर्नुभएका छवटा मुख्य तत्वहरूको नाम दिनुहोस् ।

## परमेश्वरले संसारको सृष्टि कसरी गर्नुभयो?

उत्पत्ति १:३ (पद ६,९,११ र अरू पनि)

| परमेश्वरले संसारको सृष्टि किन गर्नुभयो? |
| --- |
| भजनसंग्रह १९:१ |

| आफूले सृजनुभएको सबै कुराको विषयमा परमेश्वरको राय के थियो? |
| --- |
| उत्पत्ति १:३१ |

| परमेश्वरले मानिसलाई किन सृजनुभयो? |
| --- |
| यशैया ४३:७ |

| हामी किन यति विशेष छौं? |
| --- |
| उत्पत्ति १:२७ |

| परमेश्वरले मानिसलाई के जिम्मेवारी दिनुभएको छ? |
| --- |
| उत्पत्ति १:२६ |
| उत्पत्ति २:१५ |

## प्रमुख सत्यताहरू

- **जब परमेश्वरले संसार सृजनुभयो उहाँले त्यसलाई "साह्रै राम्रो" भन्नुभयो। साँच्चै नै त्यो सिद्ध थियो ।**
  आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो। साँझ पर्‍यो र बिहान भयो - छैटौँ दिन।
  उत्पत्ति १:३१

- **हामी परमेश्वरको स्वरूपमा बनाइएका छौं ।**
  यसैकारण परमेश्वरले मानिसलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो।
  परमेश्वरकै प्रतिरूपमा उहाँले तिनलाई सृष्टि गर्नुभयो। नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो।
  उत्पत्ति १:२७

## विचार गर्नका लागिः

- तपाई परमेश्वरको स्वरूपमा बनाइएको कुराको अर्थ तपाईंको निम्ति के हो?
- हामी परमेश्वरको सृष्टिको कसरी हेरचाह गर्न सक्छौं?

## नोटहरू टिप्नुहोस्:

# पाठ ५ पाप

5

अघिल्लो पाठमा परमेश्वरले बनाउनुभएको संसार सिद्ध थियो भनेर हामीले देख्यौं । यो पाठमा भने हामी पापलाई हेर्नेछौं। पाप संसारमा कसरी आयो, संसारमा त्यसले कस्तो असर पारेको छ अनि पापलाई परमेश्वरले कसरी हेर्नुहुन्छ ।

## संसारको परिस्थिति अहिले कस्तो छ?

उपदेशक १:१४-१५; यूहन्ना ७:७

रोमी ८:१९-२२

## बाइबलले पापलाई कसरी व्याख्या गर्छ?

यशैया ५३:६

भजनसंग्रह १०६:४३

## पाप शुरुमा संसारमा कहिले प्रवेश गर्‍यो?

उत्पत्ति २:१६-१७,३:१-७


| पापमा के-के समावेश हुन्छन्? त्यो कताबाट आउँछ? |
| --- |
| मर्कूस ७:१४-२३ |

| परमेश्वरले पापको बारेमा के महसुस गर्नुहुन्छ? |
| --- |
| उत्पत्ति ६:५-६ |
| रोमी १:१८ |

| वर्तमान संसारमा पाप गर्न दोषी को छ? |
| --- |
| रोमी ३:९-१२,२३ |

| हामीले गर्ने पापको प्रतिफल के हो? |
| --- |
| रोमी ६:२३ |

| हाम्रो निम्ति एक मात्र आशा के हो? |
|---|
| रोमी ७:२१-२५ |



## प्रमुख सत्यताहरू

- पाप परमेश्वरको विरुद्धको विद्रोह हो । यो संसारको पहिलो मानिस र स्त्री,आदम र हव्वाले जानीजानी परमेश्वरको आज्ञा नमानेर संसारमा पाप भित्रिएका हुन् ।
  जब स्त्रीले त्यस रूखको फल खानलाई असल र हेर्नमा रहरलाग्दो, र बुद्धि पाउनलाई त्यस रूखको चाह गर्नुपर्ने रहेछ भनी देखिन्, तब तिनले त्यस रूखको फल टिपेर खाइन्, र आफ्ना पतिलाई पनि दिइन्, र उनले पनि खाए।
  उत्पत्ति ३:६

- संसारमा शुरुदेखि नै बाँचेको हरेक मानिसले परमेश्वरको विरुद्धमा पाप गरेको छ ।
  किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्।
  रोमी ३:२३

## विचार गर्नका लागि

- बाइबलको शिक्षाअनुसार पाप के हो भनी तपाईंले आफ्नो मित्रलाई कसरी बुझाउनुहुन्छ?
- पापको बारेमा तपाईंका साथीहरूको राय के छ? के उहाँहरूले आफैले पाप गरेको ठान्नुहुन्छ?

## नोटहरू टिप्नुहोस्:

# १. क्रूस



अघिल्लो पाठमा परमेश्वरले पापको बारेमा के सोच्नुहुन्छ र हाम्रा पापहरूको परिणाम के हो भन्ने बारेमा सिक्यौं । यस पाठमा हामी परमेश्वरले हामीलाई सजाय दिनको सट्टा बचाउने योजना बनाउनुभएको कुरालाई हेर्नेछौं ।

## उहाँले सृष्टि गर्नु भएको संसारको बारेमा परमेश्वरले के सोच्नुहुन्छ?

यूहन्ना ३:१६

## परमेश्वरले आफ्ना पुत्र, येशूलाई, किन संसारमा पठाउनुभयो?

मर्कूस १०:४५, रोमी ५:८, १तिमोथी १:१५

## येशूको मृत्युको फलस्वरूप:

- हामी विश्वासीहरू केबाट बचाइएका छौं?

रोमी ५:६

- हामी विश्वासीहरूले के पाउँछौं?

यूहन्ना ३:१६-१७


| येशूमा विश्वास नगर्ने मानिसहरूको विषयमा बाइबलले के भन्छ? |
| --- |
| यूहन्ना ३:१८, २थेसलोनिकी १:५-१० |

| येशूको मृत्युले हामीलाई कसरी उद्धार गर्छ? |
| --- |
| १पत्रुस २:२४ |

| हामीले गरेको पापको दण्ड आफूले लिनुभएको कारण येशूमाथि कस्तो परिणाम आयो? |
| --- |
| मत्ती २७:४६ |
| २कोरिन्थी ५:२१ |
| गलाती ३:१३ |

| येशू किन मृत्युद्वारा पराजित हुनु भएन? |
| --- |
| प्रेरित २:२४ |

| पावलले येशूको विषयमा के भन्छन्? |
| --- |
| १तिमोथी २:५-६ |



## प्रमुख सत्यहरू

- परमेश्वरकहाँ जाने एकमात्र बाटो येशू हुनुहुन्छ ।
  येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।
  यूहन्ना १४:६

- परमेश्वरका पुत्रमाथि विश्वास गर्ने सबैले अनन्त जीवन पाउनेछन्, विश्वास नगर्ने सबै दोषी ठहराइनेछन्।
  किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। .... जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिंदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन।
  यूहन्ना ३:१६,१८

## विचार गर्नको लागि

- आफू सधैं इमान्दार र सहयोगी भएकाले परमेश्वरले आफूलाई स्वीकार गर्नुहुन्छ भनी निश्चित हुने आफ्ना मित्रलाई तपाईं के भन्नुहुन्छ?
- प्रेमी परमेश्वरले, असाध्यै बिग्रेको अपराधी बाहेक, कसैलाई पनि अनन्त सजाय दिनुहुन्न भनी तर्क गर्ने व्यक्तिलाई तपाईं के उत्तर दिनुहुन्छ?

## नोटहरू टिप्नुहोस्:

# २. पुनरुत्थान र स्वर्गारोहण



परमेश्वर पिताले येशूलाई मृतकबाट उठाउनुभयो । ख्रीष्टियनहरूले मृत गुरुलाई होइन, तर बौरीउठ्नु भएको उद्धारकर्ता र प्रभुको उपासना गर्दछन् ।

## येशूको पुनरुत्थान किन यति महत्वपूर्ण छ?

१कोरिन्थी १५:१४, १७-१९

## येशू मृतकबाट उठ्नुभयो भन्ने के प्रमाण छ?

लूका २४:१-७

लूका २४:३६-४३

यूहन्ना २०:१९-२०

१कोरिन्थी १५:५-८

 २. पुनरुत्थान र स्वर्गारोहण

| येशूको पुनरुत्थानको उपलब्धि के हो? |
| --- |
| १कोरिन्थी १५:५४-५६ |
| रोमी ८:११ |

| पुनरुत्थानले परमेश्वरको विषयमा के सिकाउँछ? |
| --- |
| एफिसी १:१९-२० |

| येशू कसरी स्वर्गमा जानुभयो? |
| --- |
| प्रेरित १:९-११ |

| येशू अहिले कहाँ हुनुहुन्छ? उहाँसँग कस्तो अधिकार छ? |
| --- |
| एफिसी १:२०–२२, १पत्रुस ३:२२ |

| आफ्ना चेलाहरूका लागि येशूले अहिले के गर्दैहुनुहुन्छ? |
|---|
| हिब्रू ७:२५ख |

| येशूको पुनरुत्थान र स्वर्गारोहणको फलस्वरूप ख्रीष्टियनहरूले केको आशा राख्न सक्छन्? |
|---|
| यूहन्ना १४:२-३ |

## प्रमुख सत्यहरू

- पुनरुत्थान हाम्रो विश्वासको आवश्यक भाग हो । येशूको पुनरुत्थान नभएको भए हामी अझै आफ्ना पापहरूका कारण नाश हुनेथियौं ।
  ख्रीष्ट पुनर्जीवित पारिनुभएन भने तिमीहरूको विश्वास व्यर्थ छ, र तिमीहरू अझसम्म आफ्ना पापमा नै छौ .... वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ।
  १कोरिन्थी १५:१७, २०क

- येशू अहिले परमेश्वर पितासँग स्वर्गमा राज्य गर्दैहुनुहुन्छ। पितासँग हाम्रो तर्फबाट कुरा गर्दै, उहाँले एउटा पूजाहारीको जस्तो भूमिका निर्वाह गर्नुहुन्छ।
  तर येशूचाहिँ अनन्त हुनुभएकोले उहाँको पूजाहारी पद अटल रहन्छ। फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढ़ाउन उहाँ सदैव जीवित रहनुहुन्छ।
  हिब्रू ७:२४,२५

## विचार गर्नका लागि

- येशू साँच्चै मृत्युबाट बौरीउठ्नुभएको हो भनी तपाईंले आफ्नो साथीलाई कसरी बुझाउनुहुन्छ?
- यो पाठमा भएका कुन कुन पदहरूले तपाईंलाई सबभन्दा बढी साहस वा सान्त्वना दिन्छन्? किन?
- यस पाठबाट केही नौलो कुरा सिक्नुभयो?त्यो के थियो?

## नोटहरू टिप्नुहोस्:

# पाठ ८ परमेश्वरको योजना प्रति हाम्रो प्रतिक्रिया

8

औषधी र प्रविधिको क्षेत्रमा भएको विकासबाट हामी देख्छौं कि मानिस आफ्नो आयु लामो बनाउन र जीवनको स्तर बढाउन सक्षम छ। यति सक्षम भएता पनि आफ्नो सबैभन्दा ठूलो समस्या "पाप"को समाधान भने मानिसले अझै गर्न सकेको छैन ।

| हाम्रो पापको फलबाट हामीले आफैलाई किन बचाउन असमर्थ छौ? |
| --- |
| रोमी ३:२० |
| एफिसी २:१–२ |

| यदि हामीले आफैलाई बचाउन नसक्ने भए, कसरी उद्धार प्राप्त गर्न सक्छौं? |
| --- |
| एफिसी २:८-९ |

| उद्धार पाउनका लागि हामीले गर्नुपर्ने दुई कुराहरू के के हुन्? |
| --- |
| मर्कूस १:१५ख |


| विश्वास...यो किन यति महत्वपूर्ण छ? |
| --- |
| हिब्रू ११:६ |

| विश्वास ...येशूले हामीलाई कसरी सहायता गर्ने प्रतिज्ञा गर्नुभएको छ? |
| --- |
| यूहन्ना: ६:३९–४० |
| यूहन्ना १०:२७–२८ |
| हिब्रू ७:२४–२५ |

| पश्चात्ताप ......यसमा के के समावेश हुन्छ? |
| --- |
| इजकिएल १८:३०-३१क, प्रेरित २६:२० |

| पश्चात्ताप ...... यो किन यस्तो महत्वपूर्ण छ? |
|---|
| लूका १३:३,५ |

| येशूलाई पछ्याउने छनौट गरेपछि हामीले किन आफ्नो जीवन शैली बदल्नु पर्छ? |
|---|
| रोमी ६:१५,१८ |



## प्रमुख सत्यहरू

- मुक्ति परमेश्वरबाट सित्तैमा पाउने वरदान हो । यसलाई कमाउन वा यसको योग्यको हुनका लागि हामीले केही पनि गर्न सक्दैनौं ।
  किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ - र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो - कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ।
  एफिसी २:८,९

- पश्चात्ताप विना क्षमा हुन सक्दैन ।
  पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ।
  प्रेरित २:३८

## विचार गर्नका लागि

- आफू असल व्यक्ति भएकाले परमेश्वरले आफूलाई स्वीकार गर्नुहुन्छ भनी जिद्दी गर्ने मित्रलाई तपाईं के उत्तर दिनुहुन्छ?
- हामी अनुग्रहद्वारा बचाइएका छौं । अनुग्रहको अर्थ तपाईंले कसरी बुझाउनुहुन्छ?

## नोटहरू टिप्नुहोस्:

# बाइबल बुझ्ने परमेश्वरलाई चिन्न

# बाइबल बुझ्ने, परमेश्वरलाई चिन्ने

बाइबल अध्ययन गरेर यसको राम्रो ज्ञान प्राप्त गरे पनि बाइबल लेखिनुको उद्देश्य बुझ्न नसक्नु सम्भव छ – अर्थात् परमेश्वरसँग हामी मिलापमा कसरी बस्न सक्छौं ।

प्रभु येशू ख्रीष्टमाथि विश्वास गरी परमेश्वरलाई व्यक्तिगतरूपमा कसरी चिन्न सक्छौं भन्ने सम्बन्धमा तलको व्याख्या अहिलेसम्म यस्तो अनुभव गर्न नसकेकाहरूको लागि सहायता पुऱ्याउन सक्छ।

तपाईं पहिले नै परमेश्वरको सन्तान हुनुभएको छैन ( येशूलाई उद्धारकर्ता स्वीकार गर्नु भएको छैन) अथवा यो भनेको के हो? अझ अनिश्चित हुनुहुन्छ भने यस पुस्तकको भाग दुईमा जानुभन्दा अगाडि यी नोटहरूलाई पढ्नुहुन विशेष अनुरोध छ ।

## हामी परमेश्वरसँग पहिलेदेखि नै किन मिलापमा छैनौं?

जब परमेश्वरले संसारलाई सृष्टि गर्नुभयो, तब उहाँले हामीलाई आफ्नो प्रतिरूपमा बनाउनुभयो ताकि हामी उहाँसँग सङ्गतिमा बस्न सकौं र उहाँलाई महिमित पार्न सकौं । तर आदम र हव्वा अदनको बगैंचामा परमेश्वरप्रति अनाज्ञाकारी भएकाले उनीहरूले गरेको पापले गर्दा परमेश्वरले चाहनुभएको सम्बन्धमा फाटो पऱ्यो।

हामी सबैले हाम्रो पापी स्वभाव आदम र हव्वाबाट उत्तराधिकारमा पाएका हौं।

परमेश्वर पूर्ण रूपमा पवित्र र शुद्ध हुनुहुन्छ । उहाँले पापलाई सहन सक्नुहुन्न र त्यो मानिस र परमेश्वरको बीचमा बाधा बन्न पुगेको छ ।

बाइबलले हामीलाई भन्दछ:

**...किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्,**

रोमी ३:२३

## यदि परमेश्वरले पापलाई घृणा गर्नुहुन्छ भने, के त्यसको अर्थ उहाँ प्रेमिलो परमेश्वर हुनुहुन्न भन्ने हो र?

परमेश्वर धर्मी हुनुभएकोले उहाँले हाम्रो पापलाई वास्ता नगरी त्यसै छोडन सक्नुहुन्न । त्यसको लागि दण्ड हुनैपर्छ ।

बाइबलले हामीलाई भन्दछ:

**किनकि पापको ज्याला मृत्यु हो ...**

रोमी ६:२३क

तैपनि परमेश्वर निश्चय नै प्रमिलो र दयावान हुनुहुन्छ । उहाँको प्रेम यति ठूलो छ कि उहाँले हामीलाई सजाय दिनको सट्टा हामीलाई पुर्नस्थापन गर्न चाहनुहुन्छ । उहाँले आफ्नो पुत्र, येशू ख्रीष्टलाई संसारमा मानिस भएर जिउन र हाम्रो निम्ति मर्नका लागि पठाउनुभयो र पुर्नस्थापनलाई सम्भव बनाउनुभयो ।

बाइबलले हामीलाई भन्दछ:

**तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।**

रोमी ५:८

## के यसको अर्थ यो हो कि परमेश्वरले हामीलाई सजाय दिनुहुन्न?

हामीले परमेश्वरको क्षमालाई लियौं भने उहाँबाट आउने सजाय भोग्नु पर्दैन। यदि येशू ख्रीष्टले हाम्रो पापको दण्ड तिर्नुभयो भन्ने कुरामा हामीले विश्वास गर्‍यौं भने हामीले परमेश्वरसँग क्षमा माग्न सक्छौं ।

हाम्रो पापको क्षमा पाउने कुरालाई बाइबलमा ‘नयाँ जन्म’ भनेर वर्णन गरिएको छ। यो येशूको चेलाको रूपमा एउटा नयाँ जीवनको सुरुवात हो ।

## हामीले येशूलाई ग्रहण नगर्ने निर्णय लियौं भने के हुन्छ?

परमेश्वरको बचाउने योजनालाई ‘नाईं’ भन्यौं भने हामी आफैमाथि सजाय ल्याउँछौं । त्यो सजाय येशूको दोस्रो आगमनको बेलामा हुन्छ, किनकि क्षमा लिन नचाहने सबैलाई न्याय गर्न र सजाय दिन उहाँ त्यस बेला आउनुहुनेछ ।

त्यो परमेश्वरबाट सधैंको लागि छुट्टिने सबैभन्दा नराम्रो सजाय हुनेछ ।

बाइबलले हामीलाई भन्दछ:

**.... तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन।**

यूहन्ना ३:१८

# मैले ख्रीष्टियन हुनलाई के गर्नुपर्छ?

तपाईंले यी कुराहरू गरेर आफ्ना सबै पापहरूको क्षमा पाउन सक्नुहुन्छ र येशूको चेला बन्न सक्नुहुन्छ:

- परमेश्वरको व्यवस्था पालना नगरेको हुनाले तपाईं सजाय पाउन योग्यको हुनुहुन्छ भनी स्वीकार गरेर।
- येशूले मात्र परमेश्वरको सजायबाट तपाईंलाई बचाउन सक्नुहुन्छ भनी विश्वास गरेर।
- आफ्नो जीवनका गल्तीहरू स्वीकार गरेर र पश्चात्ताप गरेर, अर्थात् तिनीहरूबाट फर्केर।
- येशूको चेलाको रूपमा परमेश्वरलाई खुशी पार्न जीवन जिउने निर्णय गरेर।

यदि तपाईं ती कदमहरू चाल्न तयार हुनुहुन्छ भने, तपाईंले यो प्रार्थना गरेर त्यसो गर्न सक्नुहुन्छ ।

प्यारो पिता परमेश्वर,

मेरो जीवनमा पहिले र अहिले भएका सबै बेठीक कुराहरूको लागि क्षमाप्रार्थी छु ।

अहिले म आफ्नो पापबाट पश्चात्ताप गर्छु ।

मैले मेरा पापका कारण भोग्नुपर्ने सजायबाट मलाई बचाउन र मेरो सट्टामा मरिदिनका लागि येशूलाई पठाउनुभएको लागि धन्यवाद ।

म येशूलाई खुशी पार्नको लागि जिउन चाहन्छु र उहाँलाई मेरो जीवनको केन्द्र बनाउन चाहन्छु । मेरो हृदयको राजा हुनुहोस् ।

मेरो सारा पाप क्षमा गरेर मलाई आफ्ना सन्तानको रूपमा लिनुहोस् । तपाईंको पवित्र आत्माले मलाई भर्नुहोस् र मलाई नयाँ जीवन जिउन सहायता गर्नुहोस् ।

आमेन

अब के?अब तपाईं ख्रीष्टियन जीवनमा बढ्दैजानुपर्छ र त्यसका लागि बाइबल पाठ गर्ने विश्वासीहरूसँग लगातार भेट्न आवश्यक छ । त्यसैले सुरुमा तपाईंलाई सहयोग गर्न सक्ने स्थानीय मण्डलीसँग सम्बन्ध गाँस्नु आवश्यक छ ।

# भाग दुई
# ख्रीष्टियन जीवन

पाठ ९ – १६

# पाठ ९ ख्रीष्टियन निश्चयता

9

हामीले ख्रीष्टमाथि विश्वास र आफ्नो पापबाट पश्चात्ताप गरेपछि हामी बचाइएका छौं (तसर्थ ख्रीष्टियन भएका छौं) भन्ने कुरा गएको पाठमा हामीले थाहा पायौं । हामी बचाइएका छौं भनी कसरी थाहा पाउन सक्छौं भन्ने यस पाठमा हामी सिक्नेछौं।

| बाइबल किन लेखिएको थियो? |
| --- |
| १यूहन्ना ५:१३ |

| येशू ख्रीष्टले के प्रतिज्ञा गर्नुभएको छ? |
| --- |
| यूहन्ना १:१२ |
| यूहन्ना ६:४७ |
| यूहन्ना १०:२७-२८ |
| प्रकाश ३:२० |

| हामी साँच्चै परमेश्वरका सन्तान हौं भनी कसरी निश्चित हुन सक्छौं? |
| --- |
| रोमी ८:१६ |

| ख्रीष्ट सधैँ हामीसँग हुनुहुन्छ भनी कसरी निश्चित हुन सक्छौं? |
| --- |
| मत्ती २८:२०ख |

| हामी ख्रीष्टियनको रूपमा अगाडि बढिरहन सक्छौं भन्ने कुरामा कसरी निश्चित हुन सक्छौं? |
| --- |
| यहूदा २४ |

| हामीलाई ख्रीष्टको प्रेमबाट केले अलग गर्न सक्छ? |
| --- |
| रोमी ८:३१-३९ |

खीष्टियन भएपछि पाप गर्दा के गर्नुपर्छ? परमेश्वरले के प्रतिज्ञा गर्नुहुन्छ?

१यूहन्ना १:९

## प्रमुख सत्यहरू

- पिताले येशूलाई दिनुहुने हरेक व्यक्तिलाई उहाँले ग्रहण गर्नुहुन्छ।
  पिताले मलाई दिनुहुने सबै मकहाँ आउनेछन्, र मकहाँ आउनेलाई कुनै रीतिले म त्याग्नेछैनँ।
  यूहन्ना ६:३७

- हामीले पाप गरेर आफ्नो मुक्ति गुमाउँदैनौं तर पाप स्वीकार भने गर्नुपर्छ: स्वीकार नगरीएको पापले उहाँसँग हाम्रो सम्बन्ध बिगार्छ ।
  यदि हामीले आफ्ना पापहरू स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।
  १यूहन्ना १:९

## विचार गर्नका लागि

- के तपाईंले आफू परमेश्वरको सन्तान हुनुभएको कुरामा शंका गर्नुहुन्छ? गर्नुहुन्छ भने, तपाईंले त्यस बेला के गर्नुहुन्छ?

- तपाईंलाई ख्रीष्टमा सुम्पनुभएको लागि के तपाईं दैनिक रूपमा पितालाई धन्यवाद दिनुहुन्छ? यूहन्ना ६:३७ हेर्नुहोस् । दैनिक यसो गर्नु राम्रो बानी हो ।

## नोटहरू टिप्नुहोस्:

10

# पाठ १० ख्रीष्टियन भएर जिउनुको मोल

मुक्ति (अनन्त जीवन) एउटा सित्तैमा पाइने उपहार हो भनी हामीले हेर्‍यो । यसलाई प्राप्त गर्न हामीले केही गर्न सक्दैनौं । तैपनि ख्रीष्टियन जीवन जिउनलाई केही मोल तिर्नुपर्छ भनी हामी यस अध्ययनमा सिक्नेछौं ।

| ख्रीष्टियन हुनुको अर्थ के हो? |
| --- |
| रोमी १२:१–२ |
| मत्ती ५:१३–१६ |


| हामी ख्रीष्टलाई पछ्याउने हो भने हामीले के के त्याग्नुपर्छ? |
| --- |
| हिब्रू १२:१ |
| - विशेष कुराहरू के के हुन्?<br>कलस्सी ३:५–११ |

| खीष्टका चेला भएपछि हामीले कस्ता नयाँ कुराहरू धारण गर्नुपर्ने हुन्छ? |
| --- |
| फिलिप्पी २:१-५ |
| प्रेरित १७:११ |
| कलस्सी ४:२ |
| हिब्रू १०:२४–२५ |
| २कोरिन्थी ८:१-७, ९:६-७ |

| येशूले आफ्ना चेलाहरूलाई के चेतावनी दिनुभएको छ? |
| --- |
| यूहन्ना १६:३३ख |

| सुरुका ख्रीष्टियनहरूले कस्तो विरोधको सामना गर्नुपऱ्यो? |
| --- |
| प्रेरित ४:१-४,१८-२२, ५:१७-१८, ८:१-३ |

| हाम्रो विश्वासको कारण दुःख भोग्नुपऱ्यो भने हामीले कस्तो प्रतिक्रिया जनाउनुपर्छ? |
| --- |
| १पत्रुस ४:१२-१६ |



## प्रमुख सत्यहरू

- येशूलाई पछ्याउन मूल्य चुकाउनु पर्छ। यो ख्याल ठट्टामा लिने निर्णय होइन ।

  यदि कोही मकहाँ आउँछ, र आफ्ना बुबा, आमा, पत्नी, छोरा-छोरीहरू र दाजुभाइ, दिदी-बहिनीहरूलाई र आफ्नै प्राणलाई समेत तुच्छ ठान्दैन भने, त्यो मेरो चेला हुन सक्दैन। जुन व्यक्ति आफ्नो क्रूस बोकेर मेरो पछि लाग्दैन, त्यो मेरो चेला हुन सक्दैन।
  लूका १४:२६–२७

- हामीले परीक्षाको मूल्य बुझ्नुपर्छ: तिनले हाम्रो विश्वासको जाँच गर्छन् र त्यसलाई बलियो पार्छन् ।

  मेरा भाइ हो, तिमीहरूमाथि विभिन्न किसिमका आपत्-विपत् आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। किनकि तिमीहरू जान्दछौ, तिमीहरूका विश्वासको जाँचले धैर्य उत्पन्न गराउँछ।
  याकूब १:२–३

## विचार गर्नका लागि

- ख्रीष्टको चेलाको रूपमा तपाईंले सबैभन्दा बढी मूल्य कहाँ चुकाउनुपर्‍यो?
- विभिन्न देशहरूमा ख्रीष्टियनहरूलाई कस्तो खेदो भइरहेको छ? के तपाईं तिनीहरूको लागि निरन्तर प्रार्थना गर्नुहुन्छ?
- हाम्रो पापको ज्याला दिन येशूले के मूल्य तिर्नुपर्‍यो? सो फेरि हेर्नुहोस् । फिलिप्पी २:६-८ पढ्नुहोस् ।

## नोटहरू टिप्नुहोस्:

# पाठ ११ बाइबल

11

खीष्टियन भएपछि हामी येशूजस्तै हुँदै जानुपर्छ । आत्मिक भोजनको मुख्य स्रोत बाइबल हो, जुन परमेश्वरको वचन हो । परमेश्वरले भन्न चाहनुभएको कुरा विभिन्न मानिसहरूलाई लेख्ने प्रेरणा दिनुभयो । आजको समयमा बाइबल पूर्ण रूपमा सान्दर्भिक छ र त्यसलाई पढ्ने समय लिँदा परमेश्वर हामीसँग व्यक्तिगत रूपमा बोल्न सक्नुहुन्छ ।

| येशूको लागि बाइबल महत्वपूर्ण थियो भनी हामी कसरी थाहा पाउँछौं? |
| --- |
| लूका ४:१-१३ |

| हामीलाई बाइबल किन दिइयो? |
| --- |
| यूहन्ना २०:३१ |
| २तिमोथी ३:१५-१७ |


| हामीलाई बाइबल कसरी दिइयो? |
| --- |
| २पत्रुस १:१९-२१ |

| प्रेरित पावलको समयमा बेरियाका यहूदीहरूले किन र कसरी धर्मशास्त्रको अध्ययन गर्थे? |
| --- |
| प्रेरित १७:११ |
| - त्यसको परिणाम के थियो?<br>प्रेरित १७:१२ |

| परमेश्वरको वचनबाट हामीले कस्तो अपेक्षा राख्नुपर्छ? |
| --- |
| भजन ११९:१०५ |
| प्रेरित २०:३२ |

| हामीले परमेश्वरको वचनप्रति कस्तो प्रतिक्रिया जनाउनुपर्छ? |
| --- |
| यर्मिया १५:१६ |

| हामीले परमेश्वरको वचनप्रति कस्तो प्रतिक्रिया जनाउनुपर्छ? |
| --- |
| भजन ११९:११ |
| याकूब १:२२–२५ |



## प्रमुख सत्यताहरू

- धर्मशास्त्र मानिसहरूको आफ्नै विचारहरूको संकलन होइन । परमेश्वर आफैले हामीलाई थाहा दिन चाहनुभएको कुराहरू लेख्नको लागि मानिसलाई प्रेरणा दिनुभएको हो ।
  सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ...
  २ तिमोथी ३:१६

- बाइबल दैनिक जीवन जिउनका लागि ख्रीष्टियनको पुस्तक हो । हामीले यसलाई उपेक्षा गर्न सक्दैनौं ।
  तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो। मैले यो शपथ खाएर दृढ सङ्कल्प गरेको छु, कि तपाईंका धार्मिक नियमहरू म पालन गर्नेछु।
  भजन ११९:१०५–१०६

## विचार गर्नका लागि

- बाइबलको नियमित अध्ययनलाई तपाईंले कति प्राथमिकता दिनुहुन्छ? तपाईंलाई सो गाह्रो लाग्छ भने, तपाईंको दैनिक अनुसूचीमा यसलाई सरल राख्न तपाईं के गर्न सक्नुहुन्छ?

- परमेश्वर तपाईंसँग बोल्नुहुन्छ भन्ने अपेक्षा लिएर के तपाईं बाइबल पढ्नुहुन्छ? परमेश्वरले स्पष्ट रूपमा तपाईंसँग बोल्नुभएको कुनै उदाहरण याद छ?

## नोटहरू टिप्नुहोस्:

# पाठ १२ प्रार्थना

12

प्रार्थना ख्रीष्टियन जीवनको महत्वपूर्ण भाग हो । हामीले परमेश्वर पितासँगको बलियो सम्बन्ध राख्न दोहोरो बातचित कायम नराखी राख्न सक्दैनौं ।

| येशू संसारमा हुँदा उहाँको लागि प्रार्थना महत्वपूर्ण थियो भनी हामी कसरी थाहा पाउँछौं? |
| --- |
| मत्ती १४:२३, मर्कूस १:३५, लूका ६:१२ |

| प्रार्थनामा के के समावेश हुनुपर्छ? |
| --- |
| भजन ३२:५ |
| फिलिप्पी ४:६-७ |
| रोमी १५:३०, कलस्सी १:९ एफिसी १:१६-१७ |

| प्रार्थना गर्ने विषयमा कस्ता निर्देशनहरू दिइएका छन्? |
| --- |
| मत्ती ६:६ |
| लूका १८:१–८ |
| १थेसलोनिकी ५:१७ |
| हिब्रू ४:१६ |

| प्रेरित पावलले अरू ख्रीष्टियनहरूको लागि गर्नुभएको प्रार्थनाहरूबाट हामीले के सिक्न सक्छौं? |
| --- |
| एफिसी १:१७, कलस्सी १:९-१०, फिलिप्पी १:९-११ |

| पवित्र आत्माले हामीलाई कसरी प्रार्थना गर्न सहयोग गर्नुहुन्छ? |
| --- |
| रोमी ८:२६ |

| परमेश्वरले हामीले चाहेजस्तो प्रार्थनाको उत्तर किन दिनुहुन्न होला? |
| --- |
| २कोरिन्थी १२:७-९ |
| याकूब ४:३ |

## प्रमुख सत्यताहरू

- हामी उहाँसँग एक्लै समय बिताऔं भनी परमेश्वरले उत्कट इच्छा राख्नुहुन्छ
  तर तिमी जब प्रार्थना गर्दछौ, आफ्नो भित्री कोठामा पस, र ढोका थुनेर गुप्तमा हुनुहुने तिम्रा पितालाई प्रार्थना गर, र गुप्तमा देख्नुहुने तिम्रा पिताले तिमीलाई इनाम दिनुहुनेछ।
  मत्ती ६:६

- खाँचोको समयमा परमेश्वरको दया र अनुग्रहलाई हामी पक्का गरी थाहा गर्न सक्छौं ।
  यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।
  हिब्रू ४:१६

## विचार गर्नका लागि

- तपाईंको प्रार्थनाको जीवनमा सहयोग पुऱ्याउन सक्ने के कुरा यस पाठबाट सिक्नुभयो?
- मण्डलीमा अथवा दुई - तीनजना भेला भएर के तपाईं कसैसँग मिलेर प्रार्थना गर्नुहुन्छ? होइन भने, अब शुरु गर्न सक्नुहुन्छ ।

## नोटहरू टिप्नुहोस्:

# पाठ १३ मण्डली

13

'मण्डली' भनेको एउटा भवन होइन, तर प्रभु येशूमा विश्वास राख्ने परमेश्वरका सबै जनहरू हुन् । 'मण्डली' को अर्थ 'भेला' वा 'सभा' भन्ने हुन्छ । ख्रीष्टियन मण्डली संसारभरिका मण्डलीहरूमा भएका सबै साँचो विश्वासीहरूले बनेको हुन्छ ।

| मण्डलीको वर्णन कसरी गरिएको छ? |
| --- |
| १कोरिन्थी १२:१२,२७ |
| एफिसी २:१९–२० |
| एफिसी ५:२५–२७ |
| १पत्रुस २:९-१० |

| मण्डलीको शिर को हुनुहुन्छ? |
| --- |
| एफिसी ५:२३ |

| मण्डलीको उद्देश्य के हो? |
|---|
| प्रेरित १:८ |
| प्रेरित २:४२ |
| १पत्रुस २:९ |

| ख्रीष्टियनहरू स्थानीय मण्डलीको रूपमा भेला हुन किन आवश्यक छ? |
|---|
| लूका ४:१६ |
| १कोरिन्थी १२:२१–२७ |
| हिब्रू १०:२४–२५ |

| समग्र रूपमा विश्वासीको लागि परमेश्वरको इच्छा के हो? |
| --- |
| गलाती ६:१-२ |
| एफिसी ४:१४-१६ |

## प्रमुख सत्यहरू

- **सबै ख्रीष्टियनहरू एउटा शरीरका अंगहरू हुन्, र त्यसको शिर ख्रीष्ट हुनुहुन्छ।**
  उहाँबाट नै सारा शरीर प्रत्येक जोर्नीद्वारा जोडिएको र बाँधिएको भई प्रत्येक भागले ठीक-ठीक काम गरी सुगठित हुनेछ र प्रेममा वृद्धि हुँदैजानेछ।
  एफिसी ४:१६

- **मण्डलीको उद्देश्य येशू ख्रीष्टको सन्देश संसारभरि फैलाउनु हो ।**
  "तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।"
  प्रेरित १:८

## विचार गर्नका लागि

- आफ्नो स्थानीय मण्डलीलाई त्यसको उद्देश्य पूरा गर्न के तपाईंले सहयोग गरिरहनुभएको छ? कसरी?
- तपाईंले प्रेम र असल कामहरूतिर लाग्न आफ्नो स्थानीय मण्डलीका अरू व्यक्तिहरूलाई कसरी उत्साह दिन सक्नुहुन्छ? हिब्रू १०:२४-२५ हेर्नुहोस्।

## नोटहरू टिप्नुहोस्:

# पाठ १४ आराधना र सेवा

14

उहाँको अनुग्रह, प्रेम र दयाको प्रतिउत्तर स्वरूप उहाँप्रतिको प्रेम, भक्ति र आज्ञापालन देखाउनका लागि हामी परमेश्वरलाई आराधना गर्छौं । हामीले आफ्नो भक्ति, संगीत र धुनहरूद्वारा व्यक्त गरे तापनि आराधना त्यसभन्दा पनि बढी हो । आराधना हाम्रो जीवनको समर्पण हो जसको प्रतिफल आज्ञाकारिता र स्वेच्छापूर्वक गरिने सेवा हो ।

## साँचो आराधना के हो?

रोमी १२:१–२

## येशूले कस्तो धारणा लिएर सेवा गर्नुहुन्थ्यो?

यूहन्ना १३:१–१६

## परमेश्वरको सेवा गर्दा कस्तो धारणा राखेर हाम्रो आराधना देखाउनुपर्छ?

भजनसंग्रह १००:४

यूहन्ना ४:२३–२४

| अरूप्रति हाम्रो धारणा कस्तो हुनुपर्छ? |
| --- |
| यूहन्ना १३:३४–३५ |
| गलाती ६:१० |

| हामीले हाम्रो काममा परमेश्वरलाई कसरी सेवा र आराधना गर्न सक्छौं? |
| --- |
| कलस्सी ३:२२–२५ |
| तीतस २:९–१० |

| हामीले किन साक्षी दिंदै ख्रीष्टको सेवा गर्नुपर्छ? |
| --- |
| मत्ती २८:१९–२० |
| २पत्रुस ३:९ |

| हामी कसरी साक्षी हुनुपर्छ? |
| --- |
| मत्ती ५:१३–१६ |
| मर्कूस ५:१८–२० |
| १पत्रुस ३:१५ |

## प्रमुख सत्यहरू

- **हामीले आफैलाई सम्पूर्ण रूपमा स्वेच्छासाथ समर्पण गरेर नै उहाँको साँचो आराधना गर्छौं।**
  यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर।
  रोमी १२:१

- **अरूको सेवा गर्न हामीले ख्रीष्टको सर्वोच्च उदाहरण पछ्याउनुपर्छ ।**
  '... तर तिमीहरूमा जसले ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्दछ। अनि तिमीहरूमा जसले पहिलो हुने इच्छा गर्दछ, त्यो सबैको दास हुनैपर्दछ। किनकि मानिसको पुत्र सेवा पाउन होइन, तर सेवा गर्न र धेरैका छुटकाराको मोलको निम्ति आफ्नो प्राण दिन आएको हो।'
  मर्कूस १०:४३–४५

## विचार गर्नका लागि

- परमेश्वरलाई आराधना र (सेवा) गर्न तपाईंलाई कुन स्थानमा सबैभन्दा गाह्रो हुन्छ? (उदाहरणका लागि घर, कामको ठाउँ अथवा साथीहरूसँग सामाजिक स्थलमा)
- के तपाईं कहिल्यै आराधनाको मनले नभइ कर्तव्यको धारणाले सेवा गर्नुहुन्छ?
- येशू मरियम र मार्थाको घरमा जानुभएको घटना फेरि पढ्नुहोस् (लूका १०:३८-४२)। आफ्नी बहिनीप्रति मार्थाको गुनासोको विषयमा तपाईंको के विचार छ? येशूको प्रतिउत्तरको बारेमा तपाईंको के विचार छ?

## नोटहरू टिप्नुहोस्:

# पाठ १५ शैतान

15

दियाबलस वा शैतानको बारेमा सोच्दा धेरै जनाले एउटा पुच्छर, सिङ्ग र खूर भएको कार्टुन चरित्र जस्तो विचार गर्छन् । तर सत्य के हो भने, शैतान पहिले स्वर्गमा रहन्थ्यो। त्यो शक्तिशाली र सुन्दर थियो। घमण्ड र महत्वाकाक्षांले त्यसलाई पतन गरायो र परमेश्वरको र मानवको शत्रु बनाइदियो ।

| शैतानको कसरी वर्णन गरिएको छ? |
| --- |
| यूहन्ना ८:४४ |
| २कोरिन्थी ११:१४-१५ |
| मत्ती १३:१९ |
| १पत्रुस ५:८ |

| येशूले शैतानलाई कसरी पराजित गर्नुभयो? |
| --- |
| एफिसी २:१-५, कलस्सी २:१५, हिब्रू २:१४-१५ |


| शैतानले ख्रीष्टियनहरूलाई कसरी आक्रमण गर्छ? |
| --- |
| मत्ती ४:१ |

| शैतानले अविश्वासीलाई कसरी आक्रमण गर्छ? |
| --- |
| २कोरिन्थी ४:४ |

| ख्रीष्टियनले शैतानसित कस्तो बर्ताव गर्नुपर्छ? |
| --- |
| याकूब ४:७ |
| १पत्रुस ५:९ |
| एफिसी ६:११ |

| परमेश्वरको हातहतियार के हो? यसको प्रयोग कसरी हुन्छ? |
|---|
| एफिसी ६:१३–१८ |

| दियाबलसलाई अन्तमा के हुन्छ? |
|---|
| मत्ती २५:४१, प्रकाश २०:१० |



# प्रमुख सत्यहरू

- खीष्टियनहरूको लागि शैतान एकदम साँचो र सक्रिय शत्रु हो र हामीले त्यसलाई गम्भीरताका साथ लिनुपर्छ ।
  सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिंहझैँ खोजिहिँड्छ।
  १पत्रुस ५:८

- शैतानको विरुद्धमा अडिग भइ बस्नलाई परमेश्वरको अधिकारमा आफैलाई सुम्पनुपर्छ।
  यसकारण आफैलाई परमेश्वरको अधीनमा राख। दियाबलसको विरोध गर, र त्यो तिमीहरूबाट भाग्नेछ।
  याकूब ४:७

## विचार गर्नका लागि

- कुनै बेला शैतानको आक्रमणमा आफू परेको तपाईंलाई याद छ? त्यसको आक्रमणलाई के तपाईंले प्रतिरोध गर्न सक्नुभयो?

- आफैलाई शैतानको आक्रमण विरुद्ध कसरी तयार पार्न सक्नुहुन्छ? एफिसी ६:१३-१८ पढ्नुहोस् ।

## नोटहरू टिप्नुहोस्:

# पाठ १६ येशूको दोस्रो आगमन

16

उहाँको पुनरुत्थानद्वारा येशूले पाप, मृत्यु र दुष्टमाथि विजय पाइसक्नुभएको छ । तैपनि, उहाँ संसारमा फेरि नफर्कुन्जेल उहाँलाई विश्वव्यापी रूपमा राजा भनी ग्रहण गरिनेछैन । दोस्रो आगमन पछि उहाँले, बचाएको र चङ्गाई भएको नयाँ सृष्टि पुर्नस्थापित गर्नुहुनेछ ।

## येशूको पुनरागमन पर्खंदैगर्दा यी "अन्तिम दिनहरू"को निम्ति हामीलाई के चेतावनी दिइएको छ?

१यूहन्ना २:१८–२६, ४:१–३

गलाती१:६–९

२तिमोथी ३:१–९

## येशू फेरि आउनुहुन्छ भनी हामी कसरी थाहा पाउँछौं?

दानिएल ७:१३–१४

यूहन्ना १४:२–३

# 16 • पाठ १६ येशूको दोस्रो आगमन

| येशू फेरि आउनुहुन्छ भनी हामी कसरी थाहा पाउँछौं? |
| --- |
| प्रेरित १:१०–११ |

| उहाँको दोस्रो आगमनको बारेमा हामीलाई के थाहा छ? |
| --- |
| मत्ती २४:४४ |
| २पत्रुस ३:१० |
| प्रकाश १:७ |

| येशू फर्कनुहुँदा के हुन्छ? |
| --- |
| १थेसलोनिकी ४:१६–१७ |

| येशू फर्कनुहुँदा के हुन्छ? |
|---|
| १ यूहन्ना ३:२ |

| उहाँलाई इन्कार गर्नेहरूलाई के हुन्छ? |
|---|
| मत्ती २५:३१–४६, २थेसलोनिकी १:७–९ |

| नयाँ स्वर्ग र नयाँ पृथ्वी कस्तो हुनेछ? |
|---|
| प्रकाश २१:१–४ |
| प्रकाश २२:१–५ |

| येशू फेरि आउनुहुने कुराले हाम्रो दैनिक जीवनमा कस्तो असर गर्नुपर्छ? |
|---|
| तीतस २:११–१४ |

## प्रमुख सत्यताहरू

- यस्तो दुःख र पीडा भएको संसारमा ख्रीष्टियनहरूले येशूको दोस्रो आगमन लागि ठूलो आनन्दसाथ प्रतिक्षा गर्न सक्छन् ।
  तर हाम्रो नागरिकता स्वर्गमा छ। त्यहाँबाट आउनुहुने मुक्तिदाता, अर्थात् प्रभु येशू ख्रीष्टको प्रतीक्षा हामी गर्दछौं।
  फिलिप्पी ३:२०

- हामी ख्रीष्टको दोस्रो आगमन लागि तयार रहनुपर्छ: उहाँ कुनै पनि बेला आउन सक्नुहुन्छ।
  यसकारण तिमीहरू पनि तयार रहो, किनकि मानिसको पुत्र तिमीहरूले नचिताएको बेलामा आउनेछ।
  मत्ती २४:४४

## विचार गर्नका लागि

- येशूको दोस्रो आगमनको प्रतिक्षा गर्नुहुन्छ? किन?

- ख्रीष्ट कुनै पनि बेला आउन सक्नुहुन्छ भनी थाहा पाउनुभएपछि, तपाईंको जीवनमा परिवर्तन गर्नुपर्ने केही छ कि?

नोटहरू टिप्नुहोस्:

BeaconLight
biblical truth to share

Word@Work

A free, unique, expository devotional email in English, which allows the Bible to energise your working day. It is read by over 30,000 people in 198 countries.

You can sign up at **wordatwork.org.uk**

CrossCheck

A straightforward and engaging video in English, explaining the gospel clearly and lead people to Christ. You can view the presentation online.

It is also available as a small booklet in English and Nepali.

**www.crosscheck.org.uk**

Visit the BeaconLight website to access free Bible teaching resources.

BeaconLight.co.uk
biblical truth to share

PO Box 91, Banstead, Surrey, SM7 9BA, United Kingdom
Email: books@beaconlight.co.uk